स्थानः नगरपालिकाको सभाहल

समयः दिनको १.०० बजे

आज मिति २०७८/०७/२६ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगरप्रमुख श्री कमल प्रसाद भुसालको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

कार्यपालिका बैठक नम्बरः ५३ औं (२०७८/०७९-५)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाद भुसाल | |
| २. | सदस्य | उपप्रमुख श्री ठाकुर कुमार वि.क | |
| ३. | सदस्य | श्री युवराज वञ्जाडे | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिलाराम गौतम | |
| ६. | सदस्य | श्री ~~कृष्ण प्रसाद श्रेष्ठ~~ डिल माया आचार्य | |
| ७. | सदस्य का.वा. वडा अध्यक्ष | श्री ~~राजेन्द्र भुसाल~~ हुम बहादुर घर्ति | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य का.वा अध्यक्ष | श्री ~~देवी थापा~~ देवि थापा | |
| ११. | सदस्य का.वा अध्यक्ष | श्री ~~देवि बहादुर रायमाझी~~ शिवलाल भुसाल | |
| १२. | सदस्य | श्री लक्ष्मी नारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्व राज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क | |
| २३. | सदस्य-सचिव | श्री नारायण अर्याल | |

Scanned with CamScanner

मितिः२०७८/७/२६ गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

- मिति २०७८/०६/२२ गते बसेको नगर कार्यपालिकाको ५२ औं बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा समीक्षा गरियो।

निर्णय नं २

- सन्धिखर्क नगरपालिकाको राजश्व परामर्श समितिको बैठबाट देहायका विषयहरूमा देहाय बमोजिम गर्ने भनी सिफारिस भई आएकोले सोही बमोजिम कार्यान्वयन गर्ने ।
- बैठकमा पेस भएको कपडा फिट्ने मेशिनको अस्थाई इजाजत पत्र दिने सम्बन्धमा छलफल हुँदा सो सन्दर्भमा सन्धिखर्क नगरपालिकाका विभिन्न स्थानमा गई व्यवसाय गर्ने व्यक्ति वा फर्मलाई मासिक रूपमा रू २०००।(दुई हजार) मात्र शुल्क लिई अस्थाई इजाजत पत्र दिने ।
- बैठकमा पेस भएको नरपानी पिक्निक स्पट र सो एरियाको पार्किङ्ग सम्बन्धमा रू ४ लाख ११ हजार न्यूनतम अंक कायम गरी ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने ।

क.पिक्निक स्पट सम्बन्धमा कर बाहेकको शुल्क

| | |
|---|---|
| १. प्रति सेडमा प्रति पाठा बनाएको शुल्क | रू ४००। |
| २. प्रति सेडमा सरसफाई शुल्क | रू ३००। |
| ३. प्रति सेडमा भाडा , दाउरा शुल्क | रू ५००। |
| | १२००। |

ख. पार्किङ्ग व्यवस्थापन सम्बन्धमा तोकिएको दर आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुने।

- सुपादेउराली मन्दिर देखी उत्तर तर्फको सडक क्षेत्रमा दोहोरो सवारीका साधन आवत जावत गर्न मिल्ने सडक बाहेकको सडकको दायाँबायाँ क्षेत्रमा रहेको फराकिलो भागको खाँचीखोला क्षेत्रसम्म।
- पिक्निक स्पटको तल्लो भागको पश्चिम क्षेत्र सडकको दायाबायाँ भागमा दोहोरो साधन आवत जावत गर्न मिल्ने क्षेत्र बाहेकको सडक क्षेत्रमा रहेको फराकिलो जग्गा।
- पिक्निक स्पट भित्रने गेट देखि उत्तर तर्फको सडक दायाँबायाँ क्षेत्रमा दोहोरो साधन आवत गर्न मिल्ने क्षेत्रबाहेकको फराकिलो क्षेत्र हुदै गंगासरोबरको माथिल्लो क्षेत्र र गेटको नजिक उत्तर पूर्वी भागमा रहेको फिल्ड समेतको क्षेत्र।
- बैठकमा पेस भएको सुपादेउराली मन्दिर, सो मन्दिर नजिक रहेको झो.पु, नरपानी र रक गार्डेन क्षेत्रको विस्तृत परियोजना प्रस्ताव र सो क्षेत्रबाट संकलन गर्न सकिने राजश्वको सम्भाव्यता अध्ययन सम्बन्धमा बैठकमा छलफल हुँदा उक्त क्षेत्र धार्मिक तथा पर्यटकीय हिसाबले नगरपालिकाको महत्पूर्ण क्षेत्र भएकाले सो क्षेत्रमा हुने विकास र सो विकासको प्रभावबाट नगरपालिकालाई हुन सक्ने आर्थिक तथा सामाजिक रूपमा हुने फाईदाका विषयमा विस्तृत



Scanned with CamScanner

रूपमा अध्ययन गरि सोको संभाव्यता अध्ययन गर्न आवश्यक रहेकोले सो सन्दर्भमा बजेट व्यवस्थाका लागि आगामी नगर सभामा पेस गर्ने।

- बैठकमा पेस भएको सन्धिखर्क वडा नं १ र वडा नं २ क्षेत्र भित्र हाटबजार तथा पार्किङ्ग सम्बन्धमा बैठकमा छलफल हुँदा रू २ लाख ३१ हजार न्यूनतम अंक कायम गरी ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने।

क. हाट बजार व्यवस्थापन

१. साविकमा सञ्चालन हुदै आईरहेको बस पार्कमा रहेको हाट बजार हाल बस पार्क निर्माणको क्रममा रहेकोले सो स्थानको सट्टा प्रत्येक महिनाको शुक्रबार र मंगलबार साविकमा मंगलबार लाग्दै आएको शान्ति नगरटोलमा रहेको स्थानमा हाट बजार सञ्चालन गर्ने।

२. सन्धिखर्क नगरपालिकाको वडा नं २ मा निर्मित हाटबजार क्षेत्रमा प्रत्येक शनिबार हाटबजार सञ्चालन गर्ने।

पार्किङ्ग व्यवस्थापन सम्बन्धमा

- उपल्लो गुण्टी खोला क्षेत्र
- बस पार्क क्षेत्र
- पुरानो बस पार्क क्षेत्र
- अर्घखाँची आयल डिष्ट्रीव्यूटर्सको पश्चिम क्षेत्र खोलाको किनारी भाग हुदै भगवती मन्दिरसम्मको क्षेत्र।
- शान्ति बगैचा क्षेत्र साविकमा सटर रहेको क्षेत्रको भाग मात्र मन्दिर छिर्ने गेट बाहेकको क्षेत्र।
- बैठकमा पेस भएको सरसफाई शुल्क संकलन तथा सोको व्यवस्थापन सम्बन्धमा(नरपानी पिक्निक स्पट र सुपादेउराली मन्दिर क्षेत्र) बैठकमा छलफल भई हुँदा सन्धिखर्क नगरपालिकाको वडा नं ६ को नरपानी क्षेत्र र वडा नं ७ को सुपादेउराली क्षेत्रमा फोहोर संकलनका लागि दुवै वडा कार्यालयसँग समन्वय गरी सोको संकलन र व्यवस्थापन गर्ने प्रवन्ध मिलाउने।
- बैठकमा पेस भएको आन्तरिक आय ठेक्का व्यावस्थापनको जानकारी सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम जानकारी प्राप्त भयो।

**आन्तरिक आयको ठेक्का व्यावस्थापनको जानकारी**

क. बाँगी खोलाको ठेक्का न्यूनतम रू २१५७५८४ लागेको रकम ४१७९२५०। कर सहित

ख. जरे खोला ठेक्का न्यूनतम रू १०२४८४० लागेको रकम १६०४१५६। कर सहित

ग. जडिबुटी तथा कवाड न्यूनतम रु ७०००००। लागेको रकम १८३२०००। कर सहित

- आ.व २०७८/०७९ को प्रथम चौमासिक अवधिको हालसम्मको राजश्व संकलन सम्बन्धमा बैठकमा छलफल हुँदा देहाय बमोजिम जानकारी प्राप्त भयो।

| गत आ.वको यस अवधिसम्म संकलन भएको रकम | यस आ.वको हालसम्मको रकम | वृद्धि प्रतिशत |
|---|---|---|
| ८५४०६४४.४० | ९५५९५९३.७३ | ११.९३ प्रतिशत |

- बैठकमा पेस भएको आ.व २०७८/०७९ को कर सहभागिता अभियान सञ्चालन सम्बन्धमा छलफल हुँदा उक्त अभियान मंसिरको दोश्रो हप्ताबाट भित्र सञ्चालन गर्ने र उक्त अभियान सफल बनाउन सबैले आ-आफनो क्षेत्रबाट योगदान पुर्याउने।
- सन्धिखर्क नगरपालिकाको वडा नं २ मा निर्मित सि.टी टावर क्षेत्रमा हाल वडा नं २ बाट निर्मित सेड र सो सि.टी टावर संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक रहेको हुँदा उक्त सेड भाडामा लगाउन आ.व २०७८/०७९ को असार मसान्त सम्म रू २० हजार न्यूनतम अंक कायम गरी ठेक्का व्यवस्थापन गर्ने।
- बैठकमा पेस भएको विज्ञापन कर लगाउन नगरपालिका बाट भएको सूचना प्रकाशनका सम्बन्धमा छलफल हुँदा रू २ लाख ५० हजार न्यूनतम अंक कायम गरी नगर कार्यपालिकाबाट दुई पटक दरभाउपत्र माग गर्दा समेत कुनै पनि फर्मबाट दरभाउपत्र पेस नभएकोले उक्त विज्ञापन करको व्यवस्थापन सोही अंकमा न्यूनतम रकम रहने गरी २ वर्षका लागि ठेक्का व्यवस्थापन गर्ने।
- सन्धिखर्क नगरपालिका एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन कार्यविधि -२०७४) को दफा ८ इजाजतपत्रको अवधि र नविकरण दस्तुर रहेको र सोही दफाको उपदफा (५) मा एफ.एम रेडियो दर्ता तथा नविकरण शुल्क सम्बन्धित स्थानीय तहको नगर सभा र गाउँसभाले तोके बमोजिम हुने भन्ने व्यवस्था रहेको देखिएको र उल्लिखित कार्यविधिमा दर्ता तथा नविकरण दस्तुर उल्लेख भएको नदेखिएको र नगरपालिकाको आर्थिक ऐन २०७८ मा समेत सो सन्दर्भमा स्पष्ट उल्लेख भएको नदेखिएकोले सोही आर्थिक ऐन को दफा २३ को उप दफा (२) ले दिएको अधिकार प्रयोग गरी रेडियोको दर्ता शुल्क रू १००००। र नविकरण शुल्क रू १०००। लिने ।

निर्णय नं ३

- सन्धिखर्क नगरपालिकाबाट आ.व २०७८/०७९ मा स्वीकृत योजना तथा कार्यक्रमहरू मध्ये उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरूको सम्झौता मंसिर मसान्तसम्म गरी सक्ने र तत् पश्चात बाँकी रहने योजनाहरूसम्झौता नगर्ने र सोको जानकारी सबै वडा कार्यालयहरूमा गराउने ।

निर्णय नं ४

- ढुंगा गिट्टी वालुवा उत्खनन् तथा विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ को उपदफा (७) मा भएको व्यवस्था बमोजिम सोको अनुगमन का लागि कार्यदल गठन गर्नु पर्ने व्यवस्था रहेकोले देहायका पदाधिकारी रहेको कार्यदल गठन गर्ने ।

  तपसिल

  संयोजक नगर उपप्रमुख श्री ठाकुर कुमार वि.क

  सदस्य श्री प्रमुख प्रशासकीय अधिकृत

  सदस्य श्री सम्बन्धित वडाका वडा अध्यक्ष



Scanned with CamScanner

सदस्य प्राविधिक शाखा प्रमुख
सदस्य -सचिव राजश्व शाखा प्रमुख

निर्णय नं ५

- सन्धिखर्क नगरपालिकाबाट संकलन हुने फोहोर व्यवस्थापनको लागि खटिने कर्मचारी र सोको संकलनका लागि नियमित सेडुल बनाई कार्यान्वयन गर्ने कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कार्यालयको कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति तोकि फोहोर संकलन गर्ने कार्यलाई व्यवस्थित बनाउने ।

निर्णय नं ६

- सन्धिखर्क नगरपालिकाको आ.व २०७७/०७८ मा सम्पादित कार्यहरूको समिक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम २०७८ साल कार्तिक २९ गते सञ्चालन गर्ने ।

निर्णय नं ७

- सन्धिखर्क नगरपालिकाका विभिन्न वडाहरूमा शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तरगत सञ्चालन हुने आयोजनाहरुको विवरण सम्बन्धित वडा कार्यालयहरूले कार्तिक २८ गते सम्म नगर कार्यपालिकाको कार्यालयमा पेस गर्ने ।

निर्णय नं ८.

- सन्धिखर्क नगरपालिका वडा नं १२ मा कार्यरत सामाजिम परिचालक गंगा खड्काले मिति २०७८/०६/१३ गतेका दिन विषय तलव पाउँ भनी पेस गरेको निवेदन बैठकमा पेस भई सो निवेदन माथि छलफल हुँदा निज सामाजिक परिचालक २०७६ साल श्रावण १ गते देखि हाल सम्म महिला विकास शाखा अन्तरगत सामाजिक परिचालक पदमा रहि वडा नं १२ मा कामकाज गर्दै आईरहेको र निजको सन्दर्भमा मिति २०७७/०३/०७ गते बसेको कार्यपालिका बैठकको निर्णय नं १४ बाट साविककमा तत्कालिन महिला तथा बालबालिका कार्यालयबाट महिला विकास कार्यक्रम अन्तरगत लैङ्गिक हिंसा न्यूनीकरणका लागि यस नगरपालिका अन्तरगत हालको वडा नं १२ (साविक डिभर्ना गाविस) मा सञ्चालित सामाजिक परिचालन कार्यक्रममा कार्यरत सामाजिक परिचालकलाई अर्को व्यवस्था नभएसम्मको लागि निरन्तरता दिने निर्णय गरियो भनी निर्णय समेत भएको देखिएकोले सोही बमोजिम निजलाई २०७८ साल पौष मसान्तसम्म निरन्तरता दिने ।

निर्णय नं ९

- सन्धिखर्क नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्माणका लागि यस कार्यालय र सामिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि ललितपुर सँग भएको सम्झौता बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि -२०७८ तयार भई पेस भएकोमा सो माथि बैठकमा छलफल भई सन्धिखर्क नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धि कार्यविधि २०७८ स्वीकृत गरी सोही बमोजिम कार्यान्वयन गर्ने।



Scanned with CamScanner